# पाठ्यक्रम विकासमा जडीबुटी संस्कृतिको महत्त्व

*रेशमबहादुर सुवेदी**

**SHIKSHYA SANDESH**
A Peer-Reviewed Multidisciplinary Journal, Indexed in NepJOL
ISSN: 2645-8721 (Print)
Year 13, Vol. 6, December 2023, pp. 30-36

**Published by**
Tribuvan University
Prithvi Narayan Campus
Faculty of Education
Pokhara, Nepal
E: shikshyasandesh@pncampus.edu.np
URL.: www.pncampus.edu.np

*Assistant Professor, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara
Corresponding email: *RSubedi42@gmail.com*

**Article History:**
Submitted: 9 April 2023
Reviewed: 16 September 2023
Accepted: 20 Octover 2023

DOI:

Copyright information:Copyright 2023 Author/s and faculty of Education, Prithvi Narayan Campus Pokhara, Nepal

This work is licensed under a Creative Commons Attribution- Non-Commercial 4.0 International License.

## सार

*प्रस्तुत अनुसन्धान पाठ्यक्रम बिकासमा जडीबुटी सँस्कृतिको महत्त्व शीर्षकमा आधारित छ । अध्यनको उद्देश्य जडीबुटी सँस्कृतिको पाठ्यक्रम बिकासमा महत्त्व पत्ता लगाउनु रहेको छ । संस्कृति मानिसले आफ्नो अनुभव एव क्षमताको प्रयोग गरीनिर्माण गरिएको मूल्य र मान्यता हो, यसले व्यक्ति र समाजलाई मार्गनिर्देशन गर्दछ । पाठ्यक्रम विकास गर्दा समाजको सँस्कृति सँग सम्बन्धित सिद्धान्तको प्रयोग गरिन्छ । यस अध्ययनमा द्वितियक स्रोतका तथ्याङ्कको प्रयोग गरी संकलन गरिएका सुचनालाई विषयवस्तु विश्लेषण विधिबाट विश्लेषण गरीनिष्कर्ष निकालिएको छ । नेपालमा वनस्पति मानव संस्कृतिको रुपमा विकास भएको छ । विशषगरी नेपालको हिमाली क्षेत्रमा वहुमुल्य जडीबुटी पाइने हुनाले यस क्षेत्रमा जडीबुटीको बारेमा थुप्रै खोज अनुसन्धान भएका छन् । जुडीवुटीबाट उपचार गर्ने पद्धति आयूर्वेदमा जडीबुटीको बारेमा व्याख्या हाम्रा वैदिक ग्रन्थहरुमा गरेको पाइन्छ । वैदिक ग्रन्थलाई ब्रम्हाले रचना गरेको मानिन्छ । यसरी हेर्दा जडीबुटीको प्रयोग व्रह्मको पालादेखि नै हुने गरेको मान्न सकिन्छ । जडीबुटी र पाठ्यक्रम सम्बन्धी विभिन्न समयमा भएका खोज अनुसन्धानले, समाजको सँस्कृतिलाई समेटेर पाठ्यक्रम निर्माण नभएकोमा सरोकारवालाहरुको पाठ्यक्रमप्रति नकरात्मक धारणा रहेको तर समाजको आवश्यकतालाई समेटेर निर्माण गरिएकोमा सरोकारवालाहरुको सकरात्मक धारणा रहेको छ । जडीबुटीको सम्बन्ध मानिसको हरेक पक्षसँग जोडिएको छ । जडीबुटीको प्रयोग खाना, लगाउन, बास वनाउन, स्वास फेर्न सम्पूर्णमा भएको पाइन्छ । जडीबुटी मानव जातिको संस्कृतिकको रुपमा विकास भएको छ । पाठ्यक्रम विकासको आधार समाजको हो, संस्कृति समाजमा प्रयोग हुने जडीबुटीसँग जोडिएको हुन्छ । यसरी पाठ्यक्रम विकासमा र जडीबुटीको सँस्कृति महत्वपूर्ण रहेन्छ । पाठ्यक्रम शिक्षाको आधार हो, देश बिकासलाइ निर्देशन गर्ने काम शिक्षाले गर्दछ । हाम्रो देशको संस्कृति, आर्थिक, सामाजिक, भौगोलिक, वातावरणीय, सम्पूर्ण बिकासमा जडीबुटीको महत्त्वपूर्ण भूमिका देख्न सकिन्छ, त्यसैले पाठ्यक्रमको बिकास गर्दा पाठ्यक्रममा जडीबुटीलाइ समावेश गर्नुपर्छ भन्ने अध्ययनको निष्कर्ष छ ।*

***विशेष शब्द :*** *जडीबुटी, सस्कृति, पाठयक्रम, मानिस, संस्कृति जडीबुटी ।*

## परिचय

संस्कृति मानिसले आफ्नो अनुभव एव क्षमताको प्रयोग गरीनिर्माण गरिएको मूल्य र मान्यता हो । यसले व्यक्ति र समाजलाई मार्गनिर्देशन गर्दछ । संस्कृति निति, २०६८ ले संस्कृतिलाई यसरी उल्लेख गरेको पाइन्छ । “संस्कृतिको अर्थ विवेकशील मानव जातिको आफ्नो ज्ञानसीप क्षमताको पयोग गरी निर्माण वा रचना गरेका यावत श्रृजना उपज जीवन शैली नै संस्कृति हो । (संस्कृति निति, २०६८ : २) संस्कृति व्याक्तिको जीवनशैली सँग जोडिएको मानव निर्मित हुने गर्दछ ।

मानवशास्त्री मलिनोस्कीले गरेको संस्कृतिको परिभाषानुसार कुनै पनि सामाजिक वा सांस्कृतिक प्रणाली, संघ, संस्था, मूल्यमान्यताहरूको जन्म व्यक्तिका आधारभूत आवश्यकता पूर्तिका लागि हुन्छ । उनको बिचारमा मानिसका शारीरिक र मानसिक आवश्यकताहरू पूर्ति गर्नका लागि बनाइएको साधन नै संस्कृति हो ।

समाजमा स्थापित मूल्य र मान्यतालाई सस्कृति भनिन्छ । संस्कृतिलाई एक नियमवद्ध, समय सापेक्ष, व्यवहारको रुपमा लिन सकिन्छ । संस्कृतिले मानिसको जीवनलाई सरल र सहज वनाउनको लागि सहयोग गर्दछ । संस्कृति भित्र भाषा,

धर्म, खानपान, सामाजिक प्रचलन, मूल्य, मान्यता र जीवन पद्धति पर्दछ । आफ्नै विशिष्ट परिचय रहेको व्यवहार नै संस्कृति हो । संस्कृतिभित्र समाजका विविध पक्षहरु पर्दछन् ।

संस्कृतिको विकासक्रमलाई हेर्ने हो भने यो मानव उत्पत्तिबाट नै भएको पाउन सकिन्छ । मानव विकासका चरणमा समूह निर्माण हुनथाले त्यसवेलावाट विकासको तीव्रता आउन थालेको विभिन्न अध्ययन हरूवाट प्राप्त गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा जडीबुटी व्याक्तिले आफ्ना जीवनमा प्रयोगमा ल्याएको पाइन्छ । यो समाजको संस्कृतिसँग जोडिएको हुन्छ । हाम्रा सांस्कृतिक, आर्थिक, सामाजिक, भौगोलिक, वातावरणीय, सम्पूर्ण बिकासमा जडीबुटीको भुमिका महत्वपूर्ण रहेको छ ।

समाजका विभिन्न संस्कृति, मूल्य, मान्यता र विश्वासका आधारमा पाठ्यक्रम विकास हुन्छ । देशको सांस्कृति र आर्थिक अवस्थाले पाठयक्रममा प्रभाव पार्दछ । समाज र राष्ट्र अनुसार त्यस देशको शिक्षाको संरचनामा सांस्कृतिक तत्वले महत्वपूर्ण भुमिका खेल्दछ । समाजका विभिन्न विषय वस्तुलाई सम्पूर्ण शिक्षा पद्धतिमा केही न केही मात्रामा समावेश गरेको हुन्छ ।

शिक्षा प्रणालीको सफलता पाठयक्रममा निर्भर गर्दछ । पाठयक्रम विकास गर्दा समाजलाइ राम्रो सग अध्ययन गर्नु पर्दछ । पाठ्यक्रममा विषयवस्तु छनोट गर्दा समाजको वास्तविकतालाई ध्यान दिनु पर्दछ । समाजको आवश्यकता, आकांक्षा, सामाजिक मूल्य, मान्यता, संस्कृति, आर्थिक पक्ष र समाजका स्रोत एवम् साधनहरू जस्ता कुराहरूलाई ध्यान दिई विषयवस्तु छनोट गर्न' पर्दछ । टाइलरका अनुसार सामाजिक प्रवृत्तिको विकास गर्नमा सघाउ पु-याउने सिकाइ अनुभवहरू विशेषतः सामाजिक अध्ययन, साहित्य, कला, सामाजिक मूल्य, मान्यता, संस्कृति  र शारीरिक शिक्षा जस्ता विषयहरूमा समावेश गरिएको हुन्छ । कुनै व्यक्तिले छनोट गरेका मूल्य मान्यता, उसको सन्तुष्टि र व्यवहार प्रवृत्तिद्वारा निर्देशित हुन्छन् । उपयुक्त सामाजिक प्रवृत्तिको विकास गर्नका लागि सिकाइ अनुभव मुख्य साधन हो । त्यसकारण उचित सामाजिक प्रवृत्तिको विकास गर्नका लागि विद्यालय र समुदायको वातावरणलाई आवश्यकता अनुसार- परिमार्जन र नियन्त्रण गर्न' पर्दछ । वातावरणलाई परिमार्जन गरी बालकलाई हामीले चाहे जस्तो बनाउन सकिन्छ भन्ने कुरामा व्यवहारवादका पिता वाट्सनले पनि जोड दिएका छन् । उनका अनुसार पाठ्यक्रममा सिकाइ अनुभवहरू निर्धारण गर्दा असल सामाजिक प्रवृत्तिको (संस्कृति) विकास गराउन सक्ने किसिमका सिकाइ अनुभवहरूलाई समावेश गर्न' पर्दछ । त्यस्तै टावाका अनुसार पाठयक्रमका विषयवस्तु सामाजिक वास्तविकताहरूसँग मिल्दो हुनु पर्दछ । पाठ्यक्रमले त्यस्तो ज्ञान र दृष्टिकोणको विकास गराउनु पर्दछ, जुन हामीहरूले व्यतित गरिराखेको जीवनमा आधारित होस् । यसका अलावा पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुले सिकारुलाई विश्वमा भइरहेको तीव्र परिवर्तन (संस्कृति) सँग परिचित गराउनु पर्दछ । यहाँ टावाले भनेको सामाजिक वास्तविकता र विश्वमा भइरहेको तीव्र परिवर्तन भनेको समाजको संस्कृति हो (निउरे, २०७१ः पृ. ६८,७८) । हाम्रो पम्परा हो ।

माथि उल्लेखित विद्वानहरूले समाजको संस्कृतिलाई पाठयक्रममा बिषयबस्तु छनोटमा महत्त्व दिएको देखिन्छ । यस अध्ययनमा जडीबुटीको संस्कृति पक्षअन्तर्गत पर्ने जडीबुटीको परम्परा प्रयोग, वर्तमान प्रयोग र पाठ्यक्रममा विकासमा जडीबुटीको संस्कृतिको महत्त्व बारेमा अध्ययन गरिएको छ ।

## समस्याको कथन र उद्देश्य

नेपालमा जडीबुटीको खेती, सङ्कलन, बेचबिखन र उपयोग परम्परागत ढङ्गबाटै हुने गरेकाले अपेक्षित लाभ लिन सकिएको अवश्था छैन । हाम्रा वरिपरि रहेका बहुमूल्य जडीबुटी उत्पादन हुने जमिनहरु बाजो बनिरहेका छन । जडीबुटीको पहिचान व्यवस्थापन र प्रयोगसम्बन्धी विषयहरु विद्यालयमा पठनपाठनको लागि पाठ्यक्रममा समावेश भने गरेको पाइँदैन । जडीबुटीको प्रयोग गाउँघरका केही वैद्य र वुढापाका वाहेक अरुले गरेको पाइदैन  (भण्डारी, २०६१, पृ ४३ ) । यसले जडीबुटीको बारेमा गरिने चर्चा परिचर्चा वास्तविक अनुभवभन्दा लहै लहैमा हुने गरेको, यस क्षेत्रमा संलग्न कृषकहरुले राम्रो आम्दानी गर्न नसकेको देखाएको छ । नीतिसार (२०६९, पृ. २) । नेपाल जडीबुटीको लागि धनी देश भए पनि यसबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेको देखिदैन ।

भट्टराई (पृः II) बाट उदृत का अनुसार जडीबुटी सग सम्बन्धित आयुर्वेदीय सनातन स्वास्थ्य संस्कृतिलाई व्यवसायीकरण गर्न नसक्नु, जनताको आर्थिक अवस्था उकास्न नेपाल सरकारले विशेष ध्यान नदिनु, भरपुर प्राकृतिक स्रोत र सम्पदाको उपयोग गर्न नसक्नु र सुसम्पन्न नेपाल निर्माणको यात्रामा समर्पित नहुनु, परम्परागत वंशज विधिद्वारा स्वास्थ्य शिक्षा नपुग्न आदि गरीबीका संकेत हुन ।

राज्य र सरोकारवालाहरुले यस क्षेत्रलाई प्रथामिकता नदिदा देश गरिब बनेको छ । देशको विकास र गरिबी उन्मूलन गर्ने हो भने यहाँका जडीबुटीको बारेमा खोजअनुसन्धान  गर्न' पर्ने देखिन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले नेपाल आर्थिक, सांस्कृतिक एवं सामाजिक दृष्टिले विशिष्ट पहिचान भएको देश भएको । विविधता नै नेपालको गौरव रहेको यहाँ विविध

सांस्कृतिक सभ्यता र चाडपर्वप्रतिको पनि विशिष्ट रहेको छ। कृषि, पशुपालन, जडीबुटी, स्थान विशेषका उत्पादनको आदानप्रदान, हाटबजार, पर्वतारोहण, पर्यटनजस्ता पक्षहरू नेपालका आर्थिक क्रियाकलापका प्रमुख आधार हुन् (विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ः पृ.७ )।

नेपालको गरिबीको कारण यहाँको जडीबुटीसँग सम्बन्धित आयुर्वेद संस्कृतिलाई प्रथामिकताका साथ अगाडि बढाउन नसक्नु देखिन्छ । पाठ्यक्रम शिक्षाको आधार हो, शिक्षा देश बिकासलाइ निर्देशन गर्ने काम शिक्षाले गर्दछ। त्यसैले पाठ्यक्रममा जडीबुटीलाइ के कसरी समावेस गर्न सकिन्छ ? भनी खोज अनुसन्धान गर्न' आवश्यक देखिएकोले प्रस्तुत अध्ययन आवश्यक देखिन्छ।

नेपालमा जडीबुटी खेतीलाई व्यवस्थित गर्ने सम्बन्धमा खोज अनुसन्धान भएको देखिँदैन। विद्यालयमा जडीबुटी खेतीको अध्ययन हुन सकेको छैन। जडीबुटीमा धनी देश भए पनि अपेक्षित उपलब्धि प्राप्त हुन नसकी रहेको अवस्था छ । जडीबुटीसँग सम्बन्धित आयुर्वेदिक उपचार संस्कृतिलाई प्रभाबकारी बनाउन अनुसन्धान भएको देखिँदैन। विद्यालय तहमा सांस्कृतिक महत्व रहेका जडीबुटी विद्यालय तहको पाठ्यक्रम समावेश गर्ने सम्बन्धमा अनुसन्धान भएको पाइँदैन । यस्तै समस्या सँग सम्बन्धित रहेर सांस्कृतिक महत्व रहेका जडीबुटीको पाठ्यक्रम विकासमा रहने महत्व बारेमा यहाँ खोज अनुसन्धान गरिएको छ। यस अध्ययनको उद्देश्य पाठयक्रम बिकासमा जडीबुटीको संस्कृतिको महत्व पत्ता लगाउने रहेको छ।

## अध्ययन, बिधि र प्रक्रिया

प्रस्तुत अध्यनमा वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । अध्ययनमा ई र अन्य स्रोतवाट प्राप्त सामाग्री (गौण तथ्याङ्क) को विश्लेषण विषयवस्तु विश्लेषण विधिको प्रयोग गरिएको छ। प्राप्त सुचनाहरुलाई उद्देश्यको विषयवस्तु सँग जोडेर व्याख्या गरिएको छ।

### तत्वमीमांसा

प्रस्तुत अध्ययनमा जडीबुटीको संस्कृति पाठयक्रम विकासमा महत्त्वपूर्ण भुमिका रहन्छ, यसैलाई यस अध्ययनको तत्वमीमांसा भनिएको छ । यसैगरी बिभिन्न क्षेत्रबाट जडीबुटीको संस्कृतिले पाठयक्रम बिकासमा पारेको प्रभाव वा पाठयक्रम बिकासमा रहेको महत्व बारेमा गरिएका खोज अनुसन्धान बाट प्राप्त निष्कर्ष यस अनुसन्धानका ज्ञान मीमांसा रहेको छ । यस्तै जडीबुटीको सस्कृति र पाठयक्रम बिकास संवन्धि गरिएका अनुसन्धान बाट प्राप्त निष्कर्षलाइ यस अनुसन्धानको मूल्य मीमांसा मानिएको छ।

## नतिजा र छलफल

प्राप्त सुचनाको आधारमा नतिजा, छलफल र बिश्लेषण निम्न शीर्षकमा रहेर गरिएको छ।

## जडीबुटीको संस्कृति

संस्कृतिभित्र समाजको विविध पक्षहरु पर्दछन् । यस अध्ययनमा जडीवुटीको संस्कृति पक्ष अन्तरगत पर्ने जडीवुटीको परम्परागत प्रयोग, वर्तमान प्रयोग, पाठ्यक्रम र संस्कृतिको सम्बन्धको बारेमा अध्ययन गरिएको छ। पाठ्यक्रम विकासमा समाजको महत्वपूर्ण भूमिका रहन्छ । समाजमा विविध संस्कृति रहेका हुन्छन ति मध्ये यस अध्ययनमा जडीवुटीको संस्कृतिलाई पाठ्यक्रम विकास र संस्कृतिका सिद्दान्त संग जोडि व्याख्या एवं विश्लेषण गरिएको छ।

## जडीबुटी प्रयोगको परम्परा

वनस्पतीको सम्बन्ध मानवीय जीवनसँग जोडिए र आएको पाइन्छ । मानिसले खानाखाने, लाउने, वस्ने, श्वास फेर्ने सबै वनस्पतिसँग जोडिएको हुन्छ । परम्परागत औषधी स्वास्थ्य जीवन वनस्पतिमा निर्भर रहेको छ । डब्लुएचओ का अनुसार विकाशील देशका ८० प्रतिशत व्याक्तिहरु स्थानीय जडीबुटीबाट उपचार गर्दछन (डब्लुएचओ, सन २००२, पृ. १)। विकासशील राष्ट्रहरुका धेरै मानिसले जडीबुटीको माध्यमबाट स्वास्थ्य उपचार गरेको पाइन्छ। मानिसको अस्तित्व वनस्पतीमा निर्भर रहेको छ।

आयुर्वेदको प्रयोग अन्नतकाल देखि भएको मान्न सकिन्छ। वेदमा आयुर्वेदको बारेमा उल्लेख गरेको पाइन्छ। खप्तडबाबाका अनुसार आयुर्वेदको उत्पती बारे अनेकौ विद्धान हरुका फरकफरक तर्क रहेको छन। सबै मतमा एकता नभए पनि वेदमा आयुर्वेदको वर्णन गरेको देखिन्छ । वेदलाई अनन्त मानेको खण्डमा आयूर्वेदलाई पनि अनन्त मान्न सकिन्छ (खप्तडबाबा २०६४, पृ. १)। संस्कृति मानवको क्रियाकलाप भएकोले जडीबुटीको संस्कृति इतिहास पनि अनन्त भएको मान्न सकिन्छ ।मानव बिकास भन्दा पहिला बास्पतीको बिकास भएको देखिन्छ।

वनस्पति हाम्रो संस्कृतिका रुपमा विकास भएको छ । वनस्पति धार्मिक पुजा गर्ने कार्यमा प्रयोग गरेको पाइन्छ । इसिमोडले नेपालका ग्रामीण पहाडी जिल्लाहरुमा मनाइने विभिन्न चाडपर्व तथा पुजा-आजामा प्रयोग गरिने गैरकाष्ठ वनवैदावारहरुले यहाँको सांस्कृतिक सामाजिक पहिचान कायम राख्न र संस्कृतिको जगेर्नामा ठूलो योगदान पुऱ्याउँदै आएको पाइन्छ । (इसिमोड २०७५, पृ. ३)। वनस्पती हाम्रो जीवनसँग जोडिएकोले महत्वपूर्ण जडीबुटीलाई पुजा गर्ने, चाडपर्वमा प्रयोग गर्ने, संस्कृतिको विकास भएको छ । नेपालमा जडीबुटीलाई महत्त्वपूर्ण रुपमा लिएको

पाइन्छ।

वनस्पतिको सहयोग विभिन्न रोगहरुको नास गर्नका लागि लिने गरेको अर्थववेदमा उल्लेख गरेको पाइन्छ । लुँइटेलले यसरी उल्लेख गरेका छन :

"मुञ्च शीर्षक्तया उत कास एनं परुष्परुराबिबेशा यो अभ्रजा वातजा यश्रशुष्मो वनस्पतीन्त्सचतां पर्वतांश्र"

यसको अर्थ हो, आरोग्य प्रदान गर्ने सुर्यदेव हामीलाई रुघा खोकी र टाउको दुख्ने आदि रोगका पिरवाट मुक्त गराऊ हाडको जोर्नीमा परेका रोगको कीटाणुलाई नाश गरिदेऊ बर्षे शीत र ग्रीष्म ऋतुका प्रभावले उत्पन्न हुने कफ, वात, र पित्तसम्बन्धी रोगहरु विनाश गरिदेऊ । त्यसका लागि हामी अनुकूल वातावरण र वन औषधीको सहयोग लिने गर्दछौं, रोगहरुको लागि वनस्पती औषधी प्रयोग जडीबुटी गरिएको अर्थवेदेदमा उल्लेख गरेको देखिन्छ। आयूर्वेदका अनुसार सबै रोग यि तीनवटा तत्त्वमा आउने असन्तुलनबाट हुने गर्दछ। यसको निराकरण वनस्पती औषधीबाट हुने गरेको देखिन्छ । जडीबुटीले सम्पूर्ण रोगको निराकरण गर्न सक्दछ (लुँइटेल, २०७६, पृ. ७) भन्ने निष्कर्ष निकालिएको छ।

आधुनिक होमियोपेथीको सुरुवात अर्थर्वेदबाट आएको हो भन्ने भनाई रहेको छ । थापाका अनुसार "भनिन्छ कि होमियोपेथी औषधीका जनक डा. हैनिमैनलाई अर्थव वेदको जर्मन अनुवाद पढेपछि नै सिसिलिया क्यूरेन्टम ((समयंशमयति अपवा विषस्य विषमौषधम) को सिद्धान्त ज्ञान भएको थियो। अर्थवर्वेदमा होमियोपेथीको बारेमा उल्लेख गरिएको छ। हाल प्रयोग गरिएको होमियोपेथी जडीबुटीबाट भएको हो (थापा, २०७६, पृ. ३६०) । यसरी होमियोपेथीको र एलोपेथी सबैको सुरुवात जडीबुटी भएको देखिन्छ।

जडीबुटीको सम्बन्ध मानवको विकास सँगै भएको देखिन्छ। यो संस्कृतिसंग जोडिएको छ। हाम्रो देशको हिमाली क्षेत्रमा जडीबुटीको थुप्रै खोज अनुसन्धान भएका छन । संस्कृति मानिसले अनुभव एव क्षमताको प्रयोग गरीनिर्माण गरिएको मूल्य र मान्यतालाई भनिन्छ । आयूर्वेद शिक्षा व्रहाजीले प्रदान गर्न'भएको भनिन्छ। वेदमा आयूर्वेद एवं बनस्पतिको बारेमा उल्लेख गरेको पाइन्छ। जडीबुटीको विकास जीवहरुको कल्याणको लागि हुने गरेको देखिन्छ। अर्थववेदमा विभिन्न रोगहरु उपचारको लागि जडीबुटीको प्रयोग गरिएको उल्लेख गरिएको छ । आधुनिक एलोपेथिक औषधीको विकासको आधार जडीबुटी रहेको छ । जडीबुटीलाई खाना एवं औषधीको रुपमा प्रयोग गरेको अनुसन्धानले देखाउछ। जडीबुटी स्थानीयस्तरमा सजिलै उपलब्ध हुने, यसको अन्य असर नभएका कारण प्रयोग वढी भएको छ।

## जडीबुटीको बर्तमान प्रयोग

अध्ययन क्षेत्र, अमरवती, महाराष्ट्रमा गरिएको इथ्नोग्राफी अध्ययनले औषधीजन्य वनस्पतिले प्राथमिक स्वास्थ्य सेवा प्राप्त गर्न, महत्वपूर्ण भूमिका खेल्ने गरेको देखाएको छ। अध्ययनले भारतमा औषधीजन्य आठवटा वनस्पति थपेको थियो । जगदपाद र अन्य ले भारतको राजस्तानमा गरेको अनुसन्धानले जन्मस्थानमा कतिपय विरुवाहरु महत्वपूर्ण खाना र औषधी दुवैको रुपमा प्रयोग गरिएको। बिरुवाहरुमा महत्वपूर्ण विभिन्न रोगहरुको लागि प्रयोग गर्न सकिने गुण रहेको पाइएको उल्लेख गरिएको छ। चौधरी र अन्य को अध्ययनले सम्बन्धित क्षेत्रका परिवारहरुमा बिरुवाहरुको उपयोग उच्चस्तरमा रहेको देखाएको छ । अध्ययनमा ५३ वटा वनस्पतिले ३४ वटा परिवारका २६ वटा रोगको उपचारका लागि प्रयोग गरेका भन्ने देखाएको छ। (चौधरी र अन्य सन, २००८)

कुमारी र सिंहले गरेको अनुसन्धानमा उत्तराखण्डका ९६ वंशमा पर्ने, ११६ औषधीजन्य प्रजातीका बनस्पतीको ४८ परिवारमा अनुसन्धान गरिएको थियो । औषधीको प्रयोग १६ प्रतिशत वाह्य रुपमा ३९ प्रतिशत खपत र ४५ प्रतिशत दुवै तरिकाबाट प्रयोग गरिएको थिए। प्रयोग गरिने तरिकामा पाउडर, पेष्ट्, जुस, डेकोक्सन, पोल्टिस र सिधै प्रयोग गरिएको थियो । २३ प्रजाती छालाको लागि १७ वाथ रोगको लागि र १४ ज्वरोको लागि प्रयोग गरिएको थियो। (कुमारी र सिंह २००९, पृ. २४५)

नमसा र अन्यको अध्ययनमा अरुन्चलका वासिन्दाहरुले जडीबुटी औषधीको प्रयोग विभिन्न रोगहरुको लागि व्यापक रुपमा गर्न'को कारण यस्ता औषधीहरु सजिलै उपलब्ध हुने, कुनै साइट इफेक्ट नभएको तर वैज्ञानिक अनुसन्धान संग भने नमिल्दो देखिएको उल्लेख गरिएको छ । (नमसा र अन्य २००९, पृ. ३४५) जडीबुटीको उपलब्धता र अन्य असर नभएको कारण प्रयोग वढी हुने गरेको छ।

नेपालको विशेषगरी हिमाली क्षेत्रमा जडीबुटी सांस्कृतिक संग जोडिएकोले, अनुसन्धानहरु यस क्षेत्र वढी भएको पाइन्छ। कुवर का अनुसार कैलाश क्षेत्रको जैविक विविधताको साथै सामाजिक सांस्कृतिक र प्राकृतिक सुन्दरताको कारण वैज्ञानिक अनुसन्धान तथा अनुसन्धानकर्ता र स्थानीयको चासो यहाँका अनुपम प्राकृतिक स्रोतहरुको संरक्षण र सदुपयोग गर्दै चासो वढेको, यस क्षेत्रका स्थानीय वासिन्दाले पौराणिक काल देखि स्थानीय स्तरमा प्रयोग र वेचविखन गर्दै आएका जडीबुटीले आर्थिक सामाजिक महत्व वोकेका छन (कुँवर, सन २००८, पृ. १५८)। हिमाली भेगमा जडीबुटीको सामाजिक, आर्थिक महत्व रहेको कारण विभिन्न व्याक्ति संघ संस्थाको अनुसन्धानको विषय वढन पुगेको छ । जडीबुटी हिमाली क्षेत्रमा त्यहाँको सामाजिक सांस्कृतिको प्रत्यक्ष जोडिएको पाइन्छ।

वर्तमान समयमा पनि जडीबुटीलाई महत्त्वपूर्ण खाना, औषधीको रुपमा प्रयोगमा ल्याइएको छ। ग्रामीण क्षेत्रमा जडीबुटीको प्रयोग बढी गरिएको छ यसको उपलब्धता र अन्य असर कम भएकोले बढी प्रयोग हुने गरेको पाइन्छ। नेपालको हिमाली भेग जडीबुटीको लागि बढि महत्वपूर्ण रहेको कारण विभिन्न ब्याक्ति, संघसंस्था यस यसक्षेत्र खोजअनुसन्धानमा केन्द्रित रहेका छन।

## अध्ययनको सैद्दान्तिक आधार

टेलर (सन १९७४) ले प्रतिपादन गरेको पाठ्यक्रम विकासको नमुनालाई प्राविधिक नमुना, वृहत् नमुना, सिकारु, केन्द्रित नमुना, वैज्ञानिक नमुना आदिले चिन्ने गरिन्छ। यस सिद्धान्त पाठ्क्रम बिकास गर्दा विद्यालयभन्दा बाहिरको जीवन पद्धतिको सस्कृति विश्लेषण गर्नु पर्दछ। समाजको विश्लेषण गर्दा विशेषज्ञको सुझाव, दर्शन, सिकाइ मनोविज्ञान जस्ता पक्षको अध्ययन गर्न'पर्दछ। पाठ् यक्रम निर्माणमा टेलरको नमुनालाई वैज्ञानिक र व्यवस्थित पहिलो नमुनाको रुपमा लिने गरिन्छ। उनको नमुनामा पाठ्यक्रमको उद्देश्य निर्धारण गर्दा प्रमुख आधार समाजको संस्कृतिलाई मानिएको छ।

टावाले पाठ्यक्रम विकास सिद्धान्त र अभ्यास सन १९६२ मा प्रतिपादन गरेकी हुन। जुन सिद्धान्त परम्परागत सिद्धान्त भन्दा फरक रहेको छ। यस सिद्धानतले पाठ्यक्रम निर्माण गर्दा समाज र संस्कृतिको विश्लेषणलाई महत्त्वपूर्ण आधार मानेकी छन। उनका अनुसार पाठ्क्रम बिकास गर्दा, संस्कृति विश्लेषण, शैक्षिक उपयोग, सामाजिक तथा सांस्कृतिक सिकाइका सिद्धान्त, आदीको आधारमा गरिनु पर्दछ। यसको लागि पाठ्यक्रमको निर्माणगर्दा सातवटा चरण अवलम्बन गरिन्छ पहिलो चरणमा आवश्यकताको निदान तथा विश्लेषण (यस अन्तरगत सिकारु, समाज र संस्कृतिको अध्ययनको आधारमा गरिन्छ। टावाको पाठ् यक्रम निर्माण सिद्धान्तमा संसकृतिलाई महत्वपूर्ण स्थान दिइएको पाइन्छ।

केरले पाठ्यक्रम सिद्धान्तमा प्रयोग गरेका आगमन र निगमन दुवै विधि व्याक्ति र सामाजिक रुपमा अवलम्बन गरेका व्यवहारसंग सम्बन्धित छन, जुन संस्कृति हो। समाजमा गरिएका अभ्यास मुल्य र मान्यतालाई त्यस समाजका संस्कृति हुन। केरको पाठ्यक्रम बिकास सम्बन्धी सिद्धान्तको धारणाअनुसार पाठ्यक्रम निर्माणको वैज्ञानिक र तोकिएको सिद्धान्त हुन सक्दैन। समाजका अभ्यास अनुभवको आधारमा स्थापित मूल्य, मान्यता जसलाई संस्कृतिको रुपमा लिन सकिन्छ। यिनीहरुले पाठ्यक्रम विकासमा सहयोग गर्दछन् (केर, सन १९६८)। केरका अनुसार पाठ्क्रम बिकासको सिद्धान्त भन्दा समाजको सस्कृति महत्वपूर्ण हुन्छ त्यसैले पाठ् यक्रम बिकास गर्दा समाजको सस्कृतिलाई प्रथामिकता दिनु पर्ने उनको धारणा रहेको छ।

पाठ्यक्रम प्रारूपअनुसार पाठ्यक्रम विकासका सैद्धान्तिक आधार सक्षमतामा आधारित पाठ्यक्रम विकास, सर्वाङ्गीण बालकेन्द्रित विकासात्मक पद्धति, एकीकृत सिद्धान्त, स्थानीय आवश्यकतामा आधारित, जीवनोपयोगी तथा कार्यप्रति अभिमुखि नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानमा आधारित पाठ्यक्रम (प्रारूप, २०७६ः पृ. ३३-४३) विकास जस्ता सिद्दान्त लाई जोड दिएको छ।

यसरी टेलरले पाठ्यक्रम निर्माण गर्दा चार वटा प्रश्नको उत्तर खोज्नु पर्ने उल्लेख गरेका छन्। शिक्षाका उद्देश्यको निर्धारण गर्दा संस्कृतिको विश्लेषण गर्न'पर्ने भनेका छन। टावाले पाठ् यक्रम निर्माण गर्दा समाज र संस्कृतिलाई प्रथामिकता दिनुपर्ने वताएका छन। केरका अनुसार पाठ्यक्रम सिद्धान्त अनुसार पाठ् यक्रममा वैज्ञानिक र तोकिएको सिद्धान्त हुदैन, समाजका अभ्यास अनुभवका आधारमा स्थापित मूल्य र मान्यता संस्कृतिको रुपमा लिन सकिन्छ। पाठ्यक्रम वहु-सांस्कृतिक बनाउनु पर्दछ जसले गर्दा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयन गर्न सजिलो हुन्छ।

माथि उल्लेखित पाठ्यक्रम विकास नमुनाको आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने समाजको संस्कृति पाठ्यक्रम विकासको महत्वपूर्ण आधार हो। समाजमा बिभिन्न सस्कृति रहेका हुन्छन। सस्कृतिको क्षेत्र ब्यापक हुन्छ यस अध्यनमा पाठयक्रम बिकासमा जडीबुटीको सस्कृतिबारेमा अध्ययन गरिएको छ।

### पाठयक्रम र संस्कृति

भिमाको अध्ययनमा पाठयक्रम निर्माणमा नियमितता नरहेको, सामाजिक अवस्थलाई राम्रोसँग अध्ययन नगरिएको, माध्यमिक विद्यालयको वातावरण शिक्षाको पाठ्यक्रम शिक्षणा सिकाइ क्रियाकलाप र सिकाई उपलब्धी प्रति विद्यार्थीको धारणा सकरात्मक नभएको छात्र र छात्राहरुको धारणा भने समान रहेको, पाठयक्रम विकासको महत्वपूर्ण पक्ष सिकारु समाज र संस्कृति कम महत्व दिएको उल्लेख गरिएको छ (रायो, सन २००९, पृ. ४५०-४५७)। रायोका अनुसार समाज परिवर्तनमा युवा पुस्ताको महत्वपूर्ण भूमिका हुन्छ। वातावरण शिक्षा समाजसँग सम्बन्धित रहन्छ, त्यसकारण वातावरण बारेमा सकरात्मक भावना युवाहरुमा निर्माणको लागि उपयुक्त पाठ्यक्रम निर्माण गर्न' पर्दछ। पाठ् यक्रमविद टावा, टाइलर र केर सबैले पाठ्यक्रमको निर्माणमा समाजको संस्कृतिलाई महत्त्वपूर्ण मानेका छन तर यस अध्ययनले पाठ्यक्रम निर्माण समाजको संस्कृतिलाई समेट्न नसकेको कारण पाठ्क्रमप्रति नकारात्मक धारणा रहेको देखाइएको छ।

राष्ट्रगीले गुजरातको प्रथमिक तहको पाठ्यक्रमको बारेमा गरिएको अनुसन्धनमा प्रथामिक तहको शारीरिक शिक्षाको पाठ्यक्रमप्रति शिक्षक, विद्यार्थी, अभिभावक, सबैको सकरात्मक धारणा रहेको

विषयवस्तुको कार्यान्वयन राम्रोसँग भएको, नतीजाले शिक्षक, प्रधानाध्यापक, अभिभावकले शारीरिक शिक्षाले सामाजिक सीप शारीरिक मानसिक स्वास्थ्य भाषा, भावनात्मक नियन्त्रण र सांस्कृतिक मूल्यहरुको प्रवर्द्धनमा सहयोग गरेको धारणा राखेका छन। प्रथामिक विद्यालयको पाठ्यक्रमको प्रभाव राम्रो देखिएको यसले समाजको संस्कृतिलाई समेटन सकेको (एम.एस.पूर्भो राष्ट्रगी, २०१९, पृ. १४९-१५६) निष्कर्ष निकालिएको छ। पाठ्यक्रम विकास गर्दा समाजको संस्कृतिलाई समेटिनु पाठ्यक्रमको सिद्धान्तसँग मेल खाएको देखिन्छ। समाजको संस्कृतिलाई समेटेको पाठ्यक्रम प्रति सरोकारवालाहरुको सकरात्मक धारणा रहेको पाइन्छ।

अडिगुडीले कक्षा ९ को विज्ञान विषयको पाठ्यक्रम विश्लेषण गर्नुभएको छ। अध्ययनमा नया पाठयक्रमप्रति पुरुष शिक्षकहरुको सकारात्मक धारणा रहेको सहरका शिक्षकभन्दा ग्रामीण क्षेत्रका शिक्षकको औषत रुचि वढी रहेको धेरै वर्ष पढाएका भन्दा कम वर्ष अध्यापन गरेका शिक्षकको धारणा सकरात्मक रहेको निष्कर्ष निकालिएको छ (अडिगुडी, २०६८, पृ. ६३-६५)। पाठ्यक्रमको सिद्धान्त अनुसार पाठ्यक्रम निरन्तर परिवर्तन भैरहने प्रक्रिया हो। यहाँ परिवर्तित पाठ्यक्रमप्रति सरोकारवालाहरुको सकरात्मक धारणा रहेको पाइन्छ। पाठ्यक्रमको सिद्धान्तसँग परिवर्तित पाठ्यक्रमप्रतिको धारणा मेल खाएको पाइन्छ।

कार्यान्वयन भएका पाठ्यक्रमका वारेमा गरिएका विभिन्न अनुसन्धानमा संस्कृतिलाई र सिकारुको रुचिलाई समेटिएको पाठ्यक्रमप्रति सरोकारवालाको सकारात्मक धारणा रहेको र समेटन नसकेका पाठ्यक्रम प्रति नकरात्मक धारणा रहेको देखाएका छन।

**प्राप्ति र छलफल**

जडीबुटीको परम्परा ब्रम्हाको पालादेखि नै भएको, मावनको विकासभन्दा पहिले जडीवुटी वा वनस्पतिको विकास भएको देखिन्छ। पृथ्वीमा वनस्पती भएर नै मानवको विकास भएको हो। वनस्पतीबाट प्राणीले स्वास लिने अक्सिजनदेखि लिएर खाना, रोगको निवारण गर्न औषधीको रुपमा प्रयोग गरिएको छ। विशेष औषधीय गुण भएका वनस्पतीलाई भगवानको रुपमा पूजा गर्दै आएको पाइन्छ। यसरी मानव जीवन र जडीवुटीको विचको सम्बन्ध संस्कृतिको रुपमा विकास भएको छ। मानव र जडीवुटीको विचको सम्बन्ध हेर्दा जडीवुटी बिना मानव जीवनको अस्तित्व संभव देखिँदैन, त्यसकारण मानवीय जीवनमा जडीवुटीको संस्कृतिको महत्त्वपूर्ण भूमिका रहेको छ। पाठ्यक्रम विकासको महत्त्वपूर्ण आधार संस्कृति हो। टेलर, सन १९६२ ले पाठ्यक्रम विकास गर्दा समाजको विश्लेषण गर्न'पर्ने उल्लेल गरेका छन, उनका अनुसार समाजको संस्कृतिलाई विश्लेषण गरेर पाठ्यवस्तुमा समावेश गर्न'पर्ने धारणा रहेको छ। टावा, सन १९६८ ले समाजका मानव मूल्य र मान्यता समाजका संस्कृति हुन। सामाजका संस्कृति सिद्धान्त अनुकल हुने गरी पाठ्यक्रम बनाउनु पर्ने टावाको धारणामा रहेको छ। त्यस्तै पिनार, १९९५ ले वहुसास्कृतिको धारणा अगाडि सारेका छन। उनले पाठ्यक्रम विकास गर्दा समाजका सबै सस्कृतिलाई समावेश गर्नुपर्ने, जसले गर्दा पाठ्यक्रम प्रति सबैको अपनत्व सृजना हुन्छ। यस्तो पाठ्यक्रम कार्यान्वयनमा सहज हुन्छ, भन्ने धारणा अगाडि सारेका छन। पाठ्यक्रमका बारेमा गरिएका अनुसन्धानले पनि समाजको संस्कृति अनुकूल भएका पाठ्यक्रम प्रति सरोकारवालाहरुको सकरात्मक धारणा रहेको र अनुकूल नभएका पाठ्यक्रमप्रति सरोकारवालाको नकारात्मक धारणा रहेको देखाएका छन्।

यसरी समाजमा जडीवुटीको प्रयोग संस्कृतिका रुपमा विकास भएको छ। पाठ्यक्रम विकासमा संस्कृतिको महत्त्वपूर्ण भूमिका रहने पाठयक्रमविद् टेलर, टावा, पिनारले वताउँछन। सस्कृति अनुसार बिकास गरिएका पाठ्यक्रमप्रति सरोकारवालाको सकरात्मक र अनुकूल नभएका पाठ्यक्रमप्रति सरोकारवालाहरुको नकरात्मक धारणा रहेको अनुसन्धानले देखाएका छन्। पाठयक्रम बिकासमा समाजको संस्कृतिसँग जोडिएका जडीबुटीको महत्त्व रहेको छ। हिमाली क्षेत्रमा जडीबुटीको संभावना बढी रहेको र यहाँको समाजमा जडीबुटीको सस्कृति बढी देखिन्छ।

**निष्कर्ष**

समाजमा जडीबुटीको प्रयोग संस्कृतिका रूपमा विकास भएको छ। पृथ्वीमा वनस्पति भएका कारणले मानव अस्तित्व सम्भव भएको हो। मानवका लागि आवश्यक पर्ने अक्सिजन, खाना, बस्नको लागि बास निर्माण सबै वनस्पतिमा निर्भर भएको पाइन्छ। महत्त्वपूर्ण जडीबुटीलाई भगवानका रुपमा पूजा गर्ने गरिएको छ। जडीबुटीको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय महत्त्व रहेको छ। विशेष गरी नेपालको पहाडी क्षेत्र जडीबुटीका लागि महत्त्वपूर्ण रहेको मानिन्छ। नेपालमा जडीबुटी संस्कृतिको इतिहास लामो भएको, देशको आर्थिक विकासमा जडीबुटीको महत्त्वपूर्ण योगदान रहन सक्ने विभिन्न अनुसन्धानले देखाए पनि आधुनिक तरिकाबाट व्यवसायिक खेती गर्न सकिएको छैन। व्यवसायिक खेती गरेका कृषकले पनि राम्रो आम्दानी गर्न सकेको अबस्था छैन। जडीबुटी आधुनिक तरिकाबाट व्यवसायिक खेती गर्न' गरिएको पाइदैन। खेतीमा संलग्न व्यक्तिहरुले राम्रो आम्दानी गर्न सकेका छैनन्। नर्सरी तयारीदेखि उत्पादित सामग्रीको प्रशोधन, बजार व्यवस्थापन, सम्म परम्परागत तरिकाबाट गरिएको छ। जडीबुटी खेतीको बारेमा विद्यालय तहदेखि नै पाठक्रममा विषयवस्तु समावेश गर्न' आवश्यक छ भन्ने व्यवसायिक खेतीमा संलग्न व्यक्तिहरुको धारणा रहेको छ।

हाम्रो पौरणिक उपचार पद्दति, हाम्रो जडीबुटीको प्रयोगको

परम्परा, व्यवसायीक खेतीमा संलग्न व्यक्तिहरुको धारणा, विभिन्न खोज अनुसन्धानले निकालेको निष्कर्ष, जडीबुटीको आर्थिक, सामाजिक, वातावरणीय महत्व, हाम्रो भौगोलिक अवस्था, पाठ्यक्रम निर्माणका सिद्धान्त सबैका आधारमा, पाठ्यक्रम विकासमा जडीबुटीको महत्त्व रहेको निष्कर्ष निकालिएको छ।

## सन्दर्भ सुची


इसिमोड, (२०७२), *गैरकाष्ठ वनपैदावारको दिगो उपभोग र संरक्षण,* नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय

खप्तड, बाबा ( २०६४), *आरोग्य बिज्ञान,* लुष प्रेस।

डब्लु. डब्लु. एफ. (२०६५), *गैरकाष्ठ वनपैदावार दिग्दर्शन,* डब्लु डब्लु एफ।

थापा, भोला (२०७६ ) *वेदमा के छ,* मोर्डन प्रिन्टिङ्ग प्रेस।

निउरे, ध्रुव प्रसाद (२०७१), *पाठयक्रम योजना र अभ्यास,* क्यस्ट पब्लिकेसन।

नीतिसार (२०६९, जेठ) नेपाली जडीबुटी र सार तेलको अन्तराष्ट्रिय व्यापार संभावना र चुनौति। पृ.२।

भण्डारी, कमल (२०६१), स्थानीय जनताका आँखाम जडीबुटी एक विश्लेषण, *हाम्रो वन सम्पदा,* ३(१) ४३।

महारस, धर्म (२०७६), *महारस निघण्टु,* विद्यार्थी पुस्तक भण्डार।

लुइटेल, तिलक प्रसाद, (२०७६), *अर्थर्वेद* (दोश्रो संस्करण), विद्यार्थी पुस्तक भण्डार।

वन बिभाग, (२०६९), *गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदशर्न,* नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय।

थापा, भोला (२०७६ ) *वेदमा के छ,* मोर्डन प्रिन्टिङ्ग प्रेस।

निउरे, ध्रुव प्रसाद (२०७१), *पाठयक्रम योजना र अभ्यास,* क्यस्ट पब्लिकेसन।

सांस्कृतिक निति (२०६८) https://www.opmcm.gov.np/wp-content/uploads/npolicy/Tourism/sankriti%20niti%202068.pdf page. 2.

Choudhary, K., Singh, M. and Pillai, U. (2008). *Ethnobotanical Survey of Rajasthan—an Update.* American-Eurasian Journal of Botany 1(2): 38-45.

Kerr J.F. (1968). *Changing the curriculum*, University of London press.

Kumari, P. and Singh, G. S. (2009). *Ethnobotanical study of medicinal plants used by the taungya community in Terai Arc Landscape, India*. Journal of Ethnopharmacology 123: pp 167-176.

Kunwar RM Chowdhary CL and Bussmann RW (2008) *Diversity Utilization and management of mdicinal plannts in Baitadi and Darchula districts, Far West Nepal.* The initiation.

Malinowski,B.(1960).*A scientific theory of culture and essays*. Oxford University Press.

Morgan, L.W (1877). *Ethnical periods from ancient* University Press.

Namsa, N.D., Hui, T., Mandal, M. and Das, A.K. (2009). An ethnobotanical study of traditional anti- inflammatory plants used by the Lohit community of Arunachal Pradesh, India. *Journal of Ethnopharmacology* 125: 234-245.

Rao, B. T. (AD 2009). *Developing secondary school curriculum on environmental education on the basis of expert and student opinions*. Unpublished thesis, Submitted to Sardar Patel . m. sc., m.ed. Department of education. pp-450-457.

Rastog, Ms. Poorvai, (2019). *An assessment of the effectiveness of physical education curriculum for school children in relation to achieving the physical education objectives.* Unpublish thesis submitted Amity school of physical education & sports sciences, Noida Amity. pp-149-156.

Taba, Hilda. (1962). *Curriculum development theory and paractice*. Harrcourt Brace and World In CN yourk

Tyler, R. ( 1974). *Basic principle of curriculum and instruction.* A University of chicago press.

White, L.A. (1949). *The science of culture:A study of man and civilization.* New York : Grove press.

William F pinear, william F,Reyndas, paterick slatters peter taub man (1995). *Understandiary Curriculume* : An introduction and contemporary curriculum discourse, Peter Lang Publishing Inc.